राष्ट्र र जनताप्रति प्रतिबद्ध


महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २९० | २०८३ असार १९ गते शुक्रवार | (Friday, 3 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५



### असई थमन विक हत्या प्रकरणमा उलटफेर

# लक्ष्मीको 'क्लीन चिट'मा उच्च अदालतको मोसो

## ५ वर्ष कैद, प्रहरीद्वारा पक्राउ

**.....तर, पूर्वसांसद लक्ष्मी महतो कोइरी, निलम्बित प्रदेशसभा सदस्य अभिराम शर्मा, धर्मेन्द्र राय, रामशंकर मिश्र, सुरेश पाण्डे र पवन कापरको हकमा भने कथन विकमाथि प्रत्यक्ष प्रहार गरेको वस्तुनिष्ट प्रमाण नभेटिएको तर जन्मकैद सजाय पाएका प्रतिवादीहरुको पोलयुक्त बयानका आधारमा उनीहरु ज्यान मार्ने कार्यमा संलग्न रहेको देखिएकाले मुलुकी ऐनको ज्यानसम्बन्धीको १७(२) नम्बरको कसुर गरेको ठहर गरिएको उल्लेख छ ।**

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, असार १८ गते ।*

असई थमन विक हत्या प्रकरणमा बुधबार मात्रै उच्च अदालत जनकपुरबाट दोषी ठहर भएका नेकपा एमालेका पूर्वसांसद लक्ष्मी महतो कोइरी पक्राउ परेका छन् ।

उनलाई बिहिबार साँझ महोत्तरीको गौशाला नगरपालिका-५ स्थित एमाले पार्टी कार्यालय अगाडिबाट पक्राउ गरिएको महोत्तरीका प्रहरी प्रवक्ता एवं डिएसपी पन्चलाल गोलेले जानकारी दिए ।

२०८० मंसिर २८ गते महोत्तरी जिल्ला अदालतले उक्त मुद्दामा पूर्वसांसद कोइरीलाई दिएको क्लीन चिट उच्च अदालत जनकपुरले खोसेको छ । जिल्ला अदालतले दिएको क्लीन चिटमा उच्च अदालत जनकपुरले मोसो दलेर पूर्वसांसद कोइरी समेतलाई दोषी ठहर गर्दै पाँच वर्षको कैद सजाय सुनाएको छ ।

उच्च अदालत जनकपुरका कामु मुख्यन्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले असई विकको हत्या प्रकरणमा पूर्वसांसद कोइरी, निलम्बित प्रदेशसभा सदस्य शर्मासहित धर्मेन्द्र राय, रामशङ्कर मिश्र, सुरेश पाण्डे र पवन कापरलाई जनही पाँच वर्ष कैद सजायको फैसला गरेको हो ।

उक्त फैसला लगत्तै प्रहरीले बिहिबार पूर्वसांसद कोइरीलाई पक्राउ गरेको हो ।

यस्तै सोही प्रकरणमा उच्च अदालत जनकपुरले प्रतिवादीहरु प्रदीप साह माझी, सञ्जयकुमार साह र मोहन ठाकुरलाई तत्कालीन मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १ नम्बरको कसुरमा सोही महलको १३ (३) नम्बरबमोजिम जन्मकैद गर्ने फैसला गरेको अदालतका सूचना अधिकारी गणेश पाण्डेलले जानकारी दिए ।

महोत्तरी जिल्ला अदालतले ती तीनै जनालाई २०८० मंसिर २८ गते जन्मकैद र पूर्वसांसद महतो तथा पवन कापरलाई सफाइ(क्लीन चिट) दिएको थियो ।

महोत्तरी जिल्ला अदालतको जन्मकैदसम्बन्धी फैसला मिलेको ठहर गर्दै तीनै जनाको हकमा फैसला सदर गरेको सूचना अधिकारी पाण्डेले बताए ।

उच्च आदलतको फैसलामा मृतक थमन विकको मृत्यु कर्तव्यबाट भएको, तीनै जना प्रतिवादी प्रदीप साह माझी, सञ्जयकुमार साह र मोहन ठाकुरविरुद्ध किटानी जाहेरी परेको, अनुसन्धानको क्रममा तीनै जनाले आरोप स्वीकार गरेको तथा उपचारका लागि लैजाँदै गर्दा एम्बुलेन्स चालक सुशील मिश्र र सँगै रहेका पप्पुकुमार साह, सियाराम पासवान र राजकुमार झाले अनुसन्धान अधिकृतसमक्ष उनीहरुको संलग्नता पुष्टि गर्ने काज गरेको उल्लेख छ ।

घटनास्थलको तस्बिरबाट पनि प्रतिवादी सञ्जयकुमार साहले थमन विकमाथि प्रहार गरेको देखिएको अदालतको आदेशमा उल्लेख छ ।

यस्तै पूर्वसांसद कोइरी, निलम्बित प्रदेशसभा सदस्य शर्मा, धर्मेन्द्र राय, रामशङ्कर मिश्र, सुरेश पाण्डे र पवन कापरको हकमा भने कथन विकमाथि प्रत्यक्ष प्रहार गरेको वस्तुनिष्ट प्रमाण नभेटिएको तर जन्मकैद सजाय पाएका प्रतिवादीहरुको पोलयुक्त बयानका आधारमा उनीहरु ज्यान मार्ने कार्यमा संलग्न रहेको देखिएकाले मुलुकी ऐनको ज्यानसम्बन्धीको १७(२) नम्बरको कसुर गरेको ठहर गरिएको उल्लेख छ ।

तेस्रो मधेस आन्दोलनका क्रममा गत २०७२ भदौ २५ गते कार्यस्थलको लागि महोत्तरी आएका असई विकको आन्दोलनकारीको कुटपिट मृत्यु भएको जनाइएको छ ।

मधेश आन्दोलनको क्रममा २०७२ भदौ २५ मा भएको असई विक हत्या प्रकरणमा एमालेका पूर्व प्रतिनिधिसभा सदस्य कोइरीसहित २८ जनाविरुद्ध ०७५ साउन २८ गते कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो ।

# मधेस प्रदेशमा ९ वटा मन्त्रालय बनाउन सिफारिस

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार १८ गते ।*



उच्चस्तरीय अध्ययन तथा सिफारिस समितिले मधेस प्रदेशमा ९ वटा मन्त्रालय बनाउन सिफारिस गरेको छ ।

मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको सङ्ख्या तथा कार्यविभाजन पुनरावलोकन गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले बिहिबार मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई प्रतिवेदन बुझाएको हो ।

उक्त कार्यदलले मधेस प्रदेश सरकारले प्रशासनलाई थप चुस्त, मितव्ययी, उत्तरदायी र नतिजामुखी बनाउन मन्त्रालयको सङ्ख्या हालको संरचनाबाट घटाएर ९ वटा कायम गर्न सिफारिस गरेको छ ।

कार्यदलको प्रतिवेदनमा मन्त्रालयबिच देखिएको कार्यगत दोहोरोपन हटाउने, प्रशासनिक खर्च घटाउने, सेवा प्रवाहलाई छिटो र प्रभावकारी बनाउने तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले मन्त्रालयको सङ्ख्या घटाउन सुझाव दिइएको छ ।

प्रदेश सरकारको सङ्गठनलाई 'राइटसाइजिङ' गर्दै सीमित स्रोतसाधनलाई विकास निर्माणमा केन्द्रित गर्न मन्त्रालयको

- बाँकी पृष्ठ ३ मा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operatior) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operatior) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकित्सक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

### मधेसको कुपोषण : तथ्याङ्कपछि अब परिणाममुखी अभियानरोपाइँको संकट

राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रमले सार्वजनिक गरेको तथ्याङ्कले मधेस प्रदेशलाई बाल कुपोषणको सबैभन्दा गम्भीर केन्द्रका रूपमा देखाएको छ । हजारौँ बालबालिका तीव्र तथा गम्भीर कुपोषणबाट प्रभावित हुनु केवल स्वास्थ्य क्षेत्रको समस्या होइन, यो गरिबी, खाद्य असुरक्षा, अशिक्षा, कमजोर सरसफाइ, मातृपोषणको अभाव र प्रभावहीन सेवा प्रवाहको संयुक्त परिणाम हो । त्यसैले कुपोषण न्यूनीकरणलाई स्वास्थ्य कार्यक्रममै सीमित राखेर समाधान सम्भव छैन । संघीय सरकारले पोषणलाई राष्ट्रिय प्राथमिकतामा राखी पर्याप्त बजेट, उपचारात्मक पोषण आहार, दक्ष जनशक्ति तथा प्रभावकारी अनुगमनको व्यवस्था गर्नुपर्छ । प्रदेश सरकारले मधेसका उच्च जोखिमयुक्त पालिकालाई लक्षित गरी कृषि, स्वास्थ्य, शिक्षा र खानेपानी कार्यक्रमबीच समन्वय बढाउनुपर्छ । स्थानीय सरकारले गर्भवती महिला, सुत्केरी आमा र पाँच वर्षमुनिका बालबालिकाको नियमित पोषण परीक्षण, स्थानीय पोसिला खाद्यवस्तुको प्रवर्द्धन, विद्यालय तथा समुदायस्तरीय पोषण शिक्षा र सुरक्षित खानेपानी-सरसफाइमा विशेष जोड दिनुपर्छ ।

सरोकारवाला संघसंस्था र विकास साझेदारले सरकारी कार्यक्रमसँग समन्वय गर्दै जनचेतना, प्राविधिक सहयोग तथा स्रोत परिचालनमा योगदान पुर्‍याउनुपर्छ । नागरिक समाजले कुपोषणविरुद्ध सामाजिक अभियान संचालन गर्दै बालविवाह, लैङ्गिक विभेद, अन्धविश्वास र अस्वस्थ खानपानजस्ता कुप्रथाविरुद्ध समुदायलाई सचेत बनाउन आवश्यक छ । अभिभावक र प्रत्येक नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । स्तनपानलाई प्रोत्साहन गर्ने, बालबालिकालाई सन्तुलित र स्थानीय पोषिलो आहार उपलब्ध गराउने, जंक फुडको प्रयोग घटाउने, नियमित स्वास्थ्य परीक्षण गराउने तथा सरसफाइमा ध्यान दिने बानीले कुपोषण नियन्त्रणमा ठोस योगदान पुर्‍याउँछ । रैथाने अन्न, दाल, सागसब्जी, फलफूल र पशुजन्य खाद्यको उपयोग बढाउनु पनि आवश्यक छ ।

तथ्याङ्क संकलन उपलब्धि हो, तर त्यसलाई कार्यान्वयनमा रूपान्तरण गर्नु अझ ठूलो दायित्व हो । मधेशको कुपोषण घटाउन तीनै तहका सरकार, विकास साझेदार, नागरिक समाज र परिवारबीच परिणाममुखी सहकार्य अपरिहार्य छ । दृढ राजनीतिक इच्छाशक्ति, उत्तरदायी कार्यान्वयन र जनसहभागिता सुनिश्चित गर्न सके मात्र स्वस्थ, सक्षम र कुपोषणमुक्त बालबालिकासहित समुन्नत मधेस निर्माण सम्भव हुनेछ ।

## राशिफल

मेष - पढाइलेखाइमा प्रगति हुनेछ ।
वृष - काम गर्ने मौका छ ।
मिथुन - उत्साह जाग्नेछ ।
कर्कट - काममा फाइदा हुनेछ ।
सिंह - यात्रा हुन सक्छ ।
कन्या - काम सुरु गर्न सकिनेछ ।
तुला - मनोरञ्जनको समय छ ।
वृश्चिक - कमजोरी अनुभूति हुनेछ ।
धनु - फाइदा आफैंलाई हुनेछ ।
मकर - जिम्मेवारी प्राप्त हुनेछ ।
कुम्भ - नजिकिनाले हर्ष बढ्नेछ ।
मिन - लाभ दिलाउन सक्छ ।

### सरकारका १०० दिन :

# संविधान संशोधनमा उल्लेख्य काम, पर्याप्त शंका




▬ सइन्द्र राई

प्रधानमन्त्री बालेन शाह नेतृत्व सरकारको सय दिने अवधिमा संविधान संशोधन प्रक्रियाले उल्लेख्य गति लिएको छ । यद्यपि सरकार आफैले घोषणा गरेको प्रतिबद्धता बमोजिम भने काम हुन सकेको छैन ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम साहको नेतृत्वमा गठित 'संविधान संशोधन बहस पत्र तयार पार्ने कार्यदल-२०८२' लाई पहिलो बैठक बसेको ६० दिनभित्र प्रतिवेदन तयार पार्ने कार्यादेश थियो ।

पहिलो बैठक गत २५ चैतमा बसेकाले कार्यादेश बमोजिम काम भएको भए २५ जेठमै संविधान संशोधनको एजेण्डा कार्यदलले तयार पारिसक्नुपर्ने थियो । तर सुझाव संकलन प्रक्रिया लम्बिदै जाँदा कार्यदलकै म्याद थप्नुपर्ने अवस्था आयो । असार मसान्तभित्र बहस प्रस्ताव तयार पार्नेगरी कार्यदलको म्याद थपिएको छ ।

कार्यदलका संयोजक असिम साह थपिएको समयभित्र प्रतिवेदन तयार भइसक्ने बताउँछन् । 'रास्वपाको महाधिवेशनले थोरै समय अलमल भयो,' उनी भन्छन्, 'तर अब केही दिनभित्रै प्रतिवदेन तयार पार्नेगरी कार्यक्रम तय गरेका छौँ ।'

उनका अनुसार संविधान संशोधनका १२० वटा जति विषय तयार हुने अनुमान गरिएको छ । 'सबै दल, क्षेत्र र नागरिकबाट राय लिएका छौँ । विभिन्न माध्यमबाट जनताका ४४ हजार बढी सुझाव संकलन भएको छ,' साह भन्छन्, 'ती सबै सुझावलाई स्क्रिनिङ गर्दा १२० वटा जति विषय तयार हुन सक्छ ।'

प्रधानमन्त्री शाहले शपथ लिएको भोलिपल्टै (१४ चैतमा) सार्वजनिक शासकीय सुधारको सय बुँदेमा संविधान संशोधनको एजेण्डा प्राथमिकतामा राखिएको थियो । सय बुँदेको चार नम्बरमा उल्लेखित संविधान संशोधनको प्रस्ताव अगाडि बढाउन प्रधानमन्त्रीले आफ्नै राजनीतिक सल्लाहकारलाई संयोजक तोकेर फरक सन्देश दिएका थिए ।

यसपछि कार्यदलको गतिविधि र यसले ल्याएको तरंगले पनि संविधान संशोधन प्रक्रियामा उल्लेख्य काम भएको मान्न सकिन्छ । प्रधानमन्त्री कार्यालयमै बोलाएर कार्यदलले सरोकारवाला क्षेत्रसँग छलफल गरेको छ ।

दलका प्रतिनिधिहरूसँग छलफल राखेर आफ्नो काम अगाडि बढाएको कार्यदलले संघीय संसद्मा प्रतिनिधित्व गर्ने सबै दलसँग लिखित सुझाव लिने तयारी गरेको छ । पूर्वप्रधानमन्त्रीहरूसँग छुट्टै समय लिएर सुझाव संकलन गरेको छ ।

पूर्वराष्ट्रपति रामवरण यादव र विद्यादेवी भण्डारीको निवासमै गएर सुझाव लिएको कार्यदलले मन्त्रिपरिषदका पूर्वअध्यक्ष खिलराज रेग्मीको निवास पुगेर सुझाव मागेको छ । संविधानविद्, कानुनविद्, सञ्चारकर्मी, विभिन्न पेशाकर्मी र निजी क्षेत्रसँग सुझाव मागिएको छ ।

संविधान सभाका समितिहरूले तयार पारेको प्रतिवेदन समेत लिएको कार्यदलले आम नेपाली नागरिकबाट स्वतन्त्र सुझाव संकलन गरेको छ । स्वतन्त्र नागरिकबाट ४४ हजार बढी सुझाव आएको कार्यदल स्रोतले जनायो ।

स्रोतका अनुसार प्राप्त सुझावहरू मध्ये अधिकांश शासकीय स्वरुप, निर्वाचन प्रणाली, संघीयता जस्ता विषयमा छन् । 'कतिपयले राजा चाहिन्छ पनि भनेका छन् । तर धेरैजसो सुझाव शासकीय स्वरुप सुधारप्रति छ,' स्रोत भन्छ ।

**सशंकित विपक्षी**

रास्वपा नेतृत्वको सरकारले अगाडि बढाएको संविधान संशोधन गर्ने निर्णयप्रति अरु दलको पनि असहमति देखिँदैन । जेनजी आन्दोलनबाट ढलेको केपी शर्मा ओली नेतृत्व सरकारले आफ्नो कार्यसूचीमै संविधान संशोधनलाई राखेको थियो ।

२०८१ असारमा कांग्रेस र एमालेबीच जुटेको सात बुँदेको दोस्रो नम्बरमा संविधान संशोधन गर्ने भनिएको थियो । 'राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भए पश्चात अभ्यासमा देखा परेका सबल र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने,' सात बुँदेमा भनिएको थियो ।

कांग्रेस र एमाले मिलेर करीब दुई तिहाइ बहुमतको सरकार बनाउनुको औचित्यबारे संविधान संशोधन भनिए पनि त्यो सरकारले ठोस् कुनै काम गरेन । सार्वजनिक खपतका निम्ति मात्रै सात बुँदे सहमतिमा संविधान संशोधनको विषय उल्लेख थियो ।

त्यो सरकारको तुलनामा अहिले उल्लेख्य काम भएको देखिन्छ । विपक्षी दलहरूले समेत संविधान संशोधन प्रक्रियामा भाग लिनेगरी आफूलाई तयार पारेका छन् । नेपाली कम्युनिष्ट पार्टीमा त संविधान संशोधनप्रति पार्टीको धारणा नै तयार भइसकेको छ ।

गत १४ वैशाखमा नेकपाले गठन गरेको संविधान संशोधन सुझाव कार्यदलले प्रतिवेदन तयार पारेर पार्टीलाई बुझाएको छ । देव गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रणध्वज कन्दङ्वा, रेखा शर्मा, गणेश विक, मुक्ति प्रधान, खिमलाल देवकोटा, डम्बर थापा, जगदेव चौधरी र रामबहादुर चौधरी रहेको कार्यदलले प्रतिवेदन तयार पारेको हो ।

'राजनीतिक स्थिरता दिने र भ्रष्टाचार नियन्त्रण गर्ने खालको शासकीय स्वरुप हुनुपर्छ । कम खर्चिलो निर्वाचन प्रणाली हुनुपर्छ भन्ने हाम्रो मत छ,' कार्यदल सदस्य प्रकाश ज्वाला भन्छन्, 'संघीयता आवश्यक छ, र जनताको नजिक रहेको सरकारलाई थप शक्तिशाली बनाउनुपर्छ भन्ने सर्त राखिएको छ ।'

प्राप्त उपलब्धिहरू गुम्नेगरी संविधान संशोधन हुन नसक्ने र त्यस्तो प्रक्रियामा भाग लिन नसकिने सर्त पनि नेकपाले लिएको छ । हाल चर्चामा रहेका कतिपय एजेण्डाप्रति सशंकित नेकपाले राष्ट्रिय सहमतिलाई अनिवार्य अडान लिने तयारी गरेको छ ।

नेकपाले जसरी अध्ययन प्रतिवेदन तयार नपारे पनि एमालेले संविधान संशोधन सुझाव तयार पार्न उच्चस्तरीय कार्यदल गठन गरेको छ । पार्टीका उपाध्यक्ष विष्णुप्रसाद पौडेलकै नेतृत्वमा गठित कार्यदलमा जुलीकुमारी महतो, अग्निप्रसाद खरेल, महेश बर्तौला, कृष्णभक्त पोखरेल, टीकाराम भट्टराई र पासाङ शेर्पा सदस्य छन् । यद्यपि यो कार्यदलले काम गर्न सकेको छैन ।

एमाले र नेकपाजस्तो औपचारिक निर्णय नलिएपनि कांग्रेसले आफ्नो अभिमत सरकारसँग राखिसकेको छ । महामन्त्री प्रदीप पौडेलका अनुसार संविधान संशोधनप्रति पार्टीको सर्त सरकारलाई बुझाइसकेको छ ।

'छलफलमा भाग लिएका छैनौ । तर हाम्रो कुरा राखेका छौ । संविधान संशोधनको एजेण्डामा सत्तारुढ रास्वपा र सरकारको धारणा के हो ? यसबारे प्रष्ट हुनुपर्छ भनेका छौ,' उनी भन्छन्, 'प्रत्यक्ष निर्वाचित कार्यकारीमा देशलाई लैजान संशोधन भनिएको हो भने त्यो प्रष्ट भन्नुपर्यो ।'

प्रधानमन्त्रीका सल्लाहकार साह नेतृत्वको कार्यदलले बोलाएको छलफलमा प्रतिनिधि नपठाएको कांग्रेस रास्वपाको चितवन महाधिवेशनबाट सशंकित भएको रहेछ । 'संघीयता बलियो बनाउनुपर्छ भन्ने हाम्रो जोड हो । तर सभापति र उपसभापतिको कुरा बाझिनेगरी रास्वपामा प्रतिवेदन आयो,' महामन्त्री पौडेल भन्छन्, 'सभापतिको कुरा सही हो कि उपसभापतिको ? जनतालाई अलमलमा पार्ने काम भयो । यसले संविधान संशोधन प्रक्रियालाई सशंकित बनायो ।'

कांग्रेसकै जस्तो शंका एमालेको पनि छ । अर्थमन्त्री समेत रहेका रास्वपा उपसभापति डा.स्वर्णिम वाग्लेले प्रदेश सभा खारेजी गरिने प्रस्ताव पार्टी महाधिवेशनमा प्रस्तुत गरेपछि संविधान संशोधन प्रक्रियामै प्रश्न उठेको एमाले नेताहरू बताउँछन् ।

– बाँकी पृष्ठ ३ मा

# आँपको सुगन्धले चिनिएको श्रीपुर...

बगैंचा संरक्षणदेखि फल सङ्कलन र ढुवानीसम्मका काममा सामूहिक श्रम र सहकार्यको संस्कृति विकास भएको उनको भनाइ छ। पछिल्लो डेढ दशकदेखि व्यावसायिक रूपमा आँप खेती गर्दै आएका किसान चौधरीले यसवर्ष करिब सात लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गरे।

"एक वर्षमै पाँचदेखि सात लाख रुपैयाँसम्मको आँप उत्पादन हुन्छ भन्ने विश्वास नै थिएन," उनी भन्छन् "उत्पादन बढेपछि थप दुई बिघा क्षेत्रमा आँप विस्तार गर्ने योजना बनाएको छु।" उनले आँप बिक्रीबाट पक्की घर निर्माण गर्नुका साथै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराउन सफल भएको बताउँछन्। उनका अनुसार आँप खेतीले परिवारको आर्थिक अवस्था उल्लेखनीय रूपमा सुधार भएको छ।

स्थानीय किसान रामवीर चौधरीले यस वर्ष आँपको राम्रो उत्पादन हुने अपेक्षामा थप बगैंचा खरिद गरेका थिए। तर असिना र हुरीका कारण अपेक्षाभन्दा कम उत्पादन भएको उनको भनाइ छ।

"मौसमले साथ दिएको भए यसवर्ष १२/१३ लाख रुपैयाँभन्दा बढीको आँप उत्पादन हुने थियो," उनी भन्छन्, "बजारमा मूल्य केही घटेपनि यस वर्ष घाटा भने नलागेको उनको कथन छ। गतवर्ष उत्पादन कम भएकाले आँपको मूल्य उच्च रहेको स्मरण गर्दै किसान सञ्जीव चौधरीले यस वर्ष उत्पादन बढेपछि मूल्य घटेको बताउँछन् "उत्पादन धेरै भएपछि सस्तो मूल्यमा बिक्री गर्नुपर्‍यो, तर घाटा भने भएन," उनले भने।

श्रीपुरका अधिकांश परिवारको नगद आम्दानीको मुख्य आधार नै आँप बिक्री हो। कतिपय परिवारले यही आम्दानीबाट आफ्ना छोराछोरीको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्दै आएका छन्। यद्यपि आँप खेती चुनौतीरहित छैन्। असिना, हुरी, लामो खडेरी तथा असमयको वर्षाले उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको किसानको अनुभव छ। रोग-कीराको प्रकोप, आधुनिक भण्डारण सुविधाको अभाव, प्रशोधन उद्योग नहुनु र बजार मूल्यमा हुने उतारचढावले किसानको आम्दानीलाई अझै अस्थिर बनाइरहेको किसानहरुको भनाइ छ।

कृषि विज्ञ दिनेश यादवका अनुसार श्रीपुरमा आधुनिक बगैंचा व्यवस्थापन, सिँचाइ विस्तार, कोल्ड स्टोर, प्याकिङ केन्द्र तथा आँप प्रशोधन उद्योग स्थापना गर्न सके यस क्षेत्रको आर्थिक सम्भावना उल्लेखनीय रूपमा बढ्न सक्छ। आँपबाट जुस, पल्प, अचार, सुकुटी आँपलगायत मूल्य अभिवृद्धि भएका उत्पादन विकास गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्थानीय स्तरमै रोजगारी सिर्जना हुने उनको भनाइ छ।

किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि हावाहुरी र रोग-कीराको प्रकोपका कारण यसवर्ष उत्पादन घटेको कृषि विज्ञ यादवले बताए।

पछिल्ला वर्षमा श्रीपुरलाई 'आँपको गाउँ' का रूपमा प्रवर्द्धन गर्ने प्रयास पनि तीव्र बन्दै गएको छ। सरकार पनि सप्तरीलाई आँप पकेट क्षेत्रको रुपमा विकास गर्न थालेको छ। बगैंचा अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र कृषि पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके श्रीपुरले राष्ट्रियस्तरमा छुट्टै पहिचान बनाउन सक्ने सुरुङ्गा नगरपालिका-६ का वडाध्यक्ष दिनेशकुमार राम बताउँछन्।

उनका अनुसार प्राकृतिक सौन्दर्य, हरियाली र स्वादिलो आँपले आन्तरिक पर्यटक आकर्षित गर्ने पर्याप्त आधार रहेको छ। किसानको मेहनत, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी बजार व्यवस्थापन र सरकारी सहयोगलाई एकीकृत गर्न सके श्रीपुरले भविष्यमा नेपालको फलफूल उत्पादन र कृषि पर्यटनको सफल नमुनाका रूपमा स्थापित हुने सम्भावना प्रबल रहेको वडाध्यक्ष रामको कथन छ। कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार सप्तरीमा यसवर्ष आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन आँप उत्पादन भएको छ।

तराईको उर्वर भूमि र अनुकूल हावापानीका कारण सप्तरीलाई आँप उत्पादनको केन्द्र मानिन्छ। मिठास र स्वादका लागि देशभर प्रसिद्धि कमाएको सप्तरीको आँपले यसवर्ष पनि किसानलाई राम्रो आम्दानी दिएको छ।

प्रदेश सरकारले फलफूलखेती विस्तार, व्यावसायिक बगैंचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहता बताउँछन्।

उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

आँप उत्पादनका लागि अग्रणी मानिएको मधेस प्रदेशमा यसवर्ष आँपखेतीको क्षेत्रफल बढेपनि उत्पादन र उत्पादकत्वमा कमी आएको छ।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ। उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत ९ दशमलव ४ मेट्रिकटन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिकटन आँप उत्पादन भएको बागबानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिकटन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो। यस आधारमा हेर्दा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिकटनले घटेको देखिएको छ।

निर्देशनालयका अनुसार यसवर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिकटन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ। जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलमा ५४ हजार ३७८ मेट्रिकटन आँप उत्पादन भएको छ।

त्यसैगरी सर्लाहीमा दुई हजार १०० हेक्टरमा १३ हजार २० मेट्रिकटन, महोत्तरीमा तीन हजार हेक्टरमा २९ हजार ७०० मेट्रिकटन, धनुषामा तीन हजार ३२५ हेक्टरमा २३ हजार २७५ मेट्रिकटन, बारामा एक हजार ४९५ हेक्टरमा २० हजार ६३१ मेट्रिकटन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलमा पाँच हजार ९६३ मेट्रिकटन आँप उत्पादन भएको तथ्याङ्क छ।

मधेस प्रदेश मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादनका लागि परिचित छ। यहाँ उत्पादन हुने आँप प्रदेशभित्रका साथै सङ्घीय राजधानी काठमाडौँ र देशका अन्य प्रमुख बजारमा आपूर्ति हुँदै आएको छ।

प्रदेश सरकारले फलफूल खेती विस्तार, व्यावसायिक बगैंचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि निर्देशनालयका प्रमुख जितेन्द्र यादवले बताए। उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

# मधेस प्रदेशमा ९ वटा मन्त्रालय...

सङ्ख्या घटाउनु आवश्यक देखिएको कार्यदलले सुझाव दिएको छ। कार्यदलले यसबाट प्रशासनिक दक्षता वृद्धि, नीतिगत समन्वय सुदृढीकरण, सार्वजनिक खर्चमा मितव्ययिता, एकल बिन्दुबाट सेवा प्रवाह तथा डिजिटल शासनको विस्तारमा टेवा पुग्ने अपेक्षा गरेको छ।

मधेस प्रदेश सरकारले मन्त्रालयको सङ्ख्या र कार्यविभाजन पुनरावलोकन गर्ने उद्देश्यले २०८२ जेठ १९ गते उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदल गठन गरेको थियो।

# संविधान संशोधनमा उल्लेख्य काम...

'संघीयता नै खारेज गर्ने भनेर डरलाग्दो तरिकाले उहाँहरू अगाडि बढ्नुभयो। संविधान कमजोर बनाउने, दलीय प्रणाली सिध्याउने जस्तो प्रस्तावमा हाम्रो सहमति हुन्न,' एमाले कार्यदल सदस्य महेश बर्तौला भन्छन्। संख्याका दम्भ देखाउनेगरी रास्वपा लागेकाले संविधान संशोधन प्रक्रियामा शंका उत्पन्न गराएको उनी बताउँछन्।

'संविधान असंशोधनीय दस्तावेज होइन। तर संख्याको दम्भले होइन, सहमतिमा संशोधन अगाडि बढाउनुपर्छ भन्ने हाम्रो मान्यता हो,' बर्तौला भन्छन्।

१० वर्षपछि संविधान पुनरावलोकन गर्ने संवैधानिक व्यवस्था बमोजिम संशोधन प्रक्रियामा सरकारलाई साथ दिने निष्कर्षमा रहेका दलहरूलाई रास्वपा महाधिवेशनले सशंकित बनाएको देखिन्छ। जसले, संविधान संशोधनको आगामी प्रक्रिया सजिलो नहुने संकेत गर्छ।

**रास्वपाकै प्रतिबद्धता**

सरकारले अगाडि बढाएको संविधान संशोधन प्रक्रियामा रास्वपाले वकालत गरिरहेकै एजेन्डालाई प्राथमिकतामा राखिएकाले पनि विपक्षीहरू सशंकित भएका हुन सक्छन्। प्रधानमन्त्रीका सल्लाहकार साह नेतृत्वको कार्यदलले बहस प्रस्ताव तयार पार्ने छलफलका लागि भनेर ५२ वटा विषय अगाडि सारेका छन्। सुझाव संकलनका क्रममा प्रस्तावित विषय बाहिर जान सकिने सुविधा पनि छ। तर प्रस्तावित विषयलाई दिइएको महत्वबाट विपक्षीहरू संशकित हुनु स्वभाविक छ।

जस्तो- प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, सांसद मन्त्री नहुने, संशोधित संसदीय व्यवस्था हुने वा नहुने भनेर पनि छलफल चलाइएको छ। संसदीय प्रणाली संशोधन गरेर प्रत्यक्ष निर्वाचित प्रणालीमा जान यस्तो छलफल अगाडि बढाइएको अनुमान विपक्षीहरूले गर्ने नै भए।

विशेषगरी कांग्रेस र एमाले प्रत्यक्ष निर्वाचित कार्यकारीको विपक्षमा छन्। २०७२ को संविधान जारी हुँदा पनि यी दुई शक्ति प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा थिएनन्। कांग्रेस महामन्त्री पौडेल, राजनीतिक स्थिरताका निम्ति प्रत्यक्ष निर्वाचित नै चाहिन्छ भन्ने तर्क २१ फागुनको निर्वाचनले खण्डित गरिसकेको बताउँछन्। 'यही प्रणालीबाट राजनीतिक स्थिरता नहुने भयो भनेर संविधान संशोधनको कुरा उठ्ने गरेको थियो। तर दुई तिहाइ मत यही प्रणालीमा आयो भनेपछि जनमतको अपमान हुनेगरी यो सरकार अगाडि बढ्नु हुँदैन,' उनी भन्छन्। शासकीय स्वरुपमा मात्र नभएर निर्वाचन प्रणाली, संघीयता, न्यायालय, संवैधानिक निकाय लगायतबारे गर्न खोजिएको संविधान संशोधनले पनि विपक्षीहरू सशंकित छन्।

रास्वपाले प्रदेश सभाको पुनरावलोकन, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित कार्यकारी, गैरदलीय राष्ट्रिय सभा, उपराष्ट्रपति नै राष्ट्रिय सभाको अध्यक्ष रहने व्यवस्थाबारे स्थापनाकालदेखि नै वकालत गर्दै आएको छ। चितवनमा सम्पन्न प्रथम राष्ट्रिय महाधिवेशनले पनि यही प्रस्तावलाई पारित गरेको छ। अनि, सरकारी कार्यदलले पनि यिनै एजेण्डा सम्बोधन हुनेगरी छलफल अगाडि बढाएको उसको प्रश्नावलीबाटै बुझ्न सकिन्छ।

धेरैले चासोका साथ हेर्दै आएको धर्म निरपेक्षताबारे भने रास्वपा जस्तै सरकारी कार्यदल पनि मौन छ। संभवतः जनताले यसबारे दिने सुझाव 'विविध' शीर्षकमा राखेर संकलन गरिएको हुन सक्छ।

एमाले नेता बर्तौला धर्म निरपेक्षता सहित संविधानका केही महत्वपूर्ण कुराहरू सरकारलाई चलाउन नदिने अडान लिन्छन्।'समानुपातिक समावेशीता, धर्म निरपेक्षता, सामाजिक न्याय, संघीय लोकतान्त्रिक गणतन्त्र र संसदीय लोकतन्त्रलाई चलाउन सकिदैन,' बर्तौला भन्छन्। अर्थात् रास्वपाको वकालत बमोजिम अगाडि बढेको संविधान संशोधन प्रक्रियामा विपक्षीहरू शंका सहित सहभागी हुने प्रक्रियामा छन्।

अनि, करिब दुई तिहाइको शक्तिशाली सरकार चलाउने जनादेश पाएको रास्वपाले भने सर्वदलीय सहमति लिएरै संविधान संशोधन गर्ने प्रतिबद्धता जनाएको छ। 'संविधान राष्ट्रको साझा दस्तावेज हो, कुनै दलको घोषणापत्र होइन,' प्रथम महाधिवेशनबाट पारित राजनीतिक दस्तावेजमा भनिएको छ, '...हामी व्यापक राष्ट्रिय सम्वाद, विज्ञहरूको सुझाव, नागरिकको सहभागीता र सम्भव भएसम्म सर्वदलीय सहमतिका पक्षमा छौं।'


## मिथिला लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय ढल्केवर, धनुषा

**सूचि दर्ता सम्बन्धी सुचना**

*(सूचना प्रकाशित मिति : २०८३/३/१९)*

यस वित्तीय संस्थाको लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपसिल बमोजिमका वस्तु तथा सेवाहरु उपलब्ध गराउन इच्छुक रजिस्टर्ड फर्म, कम्पनी, उद्योगी तथा व्यापारीहरुबाट १५ दिन (कार्यालय समय) भित्र आवश्यक कागजात सहित आफुले उपलब्ध गराउने समान तथा सेवाको स्पष्ट विवरण खुलाई यस संस्थाको केन्द्रीय कार्यालय, ढल्केवर, धनुषाको जनशक्ति विभागमा वा इमेल ठेगाना hr@mlbbank.com.np मार्फत सूचिदर्ताको लागि आवेदन पठाउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. कम्प्युटर, प्रिन्टर, इनभर्टर, ब्याट्री, जेनेरेटर, स्टेप्लाईजर, फोटोकपी मेसिन, स्क्यानर, फ्याक्स मेसिन, कार्टेज, एयर कन्डिसन (ए.सी.), टेलिफोन सेट, जेनेरेटर, पंखा, यु.पी.एस., सिसी क्यामेरा, सोलार सेट तथा अन्य समानहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।
२. स्टिल तथा काठका फर्निचर सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।
३. छपाई सम्बन्धी कार्यहरु।
४. स्टेशनरी मसलन्द सामानहरु आपूर्ति सम्बन्धी कार्य।
५. इलेक्ट्रोनिक्स सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।
६. इन्धन लुब्रिकेन्ट्स आपूर्ति सम्बन्धी कार्यहरु।
७. फोटोकपी सेवा।
८. कुरियर सेवा।
९. हवाई टिकट सप्लाई सेवा।
१०. किचेन सम्बन्धी सामाग्रीहरु आपूर्ति।
११. विज्ञापन एजेन्सी सेवा।
१२. सवारी साधन तथा सवारी साधनको स्पेयर पार्टसहरुको आपूर्ति तथा मर्मत सम्बन्धी कार्यहरु।

**निवेदनका साथमापेश गर्नुपर्ने प्रमाणित कागजातहरु :**

१. नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. स्था.ल.नं. तथा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**सामान्य सेवा विभाग**
केन्द्रीय कार्यालय, ढल्केवर, धनुषा
फोन नं. : ०४१ -५६०१७२/५६०२१०, मोबाईल नं. : ९८०२६४६६०१



**"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान**

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेट्ने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचार भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

# पेट्रोलपम्प बन्द गर्नेलाई १० लाख जरिवाना

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, असार १८ गते ।*

सरकारले पेट्रोलियम पदार्थको निर्वाध बिक्रीवितरणमा व्यवधान गर्ने पेट्रोलपम्पलाई लाखौँ जरिवाना र १५ दिन पेट्रोलियम पदार्थको वितरण रोक्का गर्ने कानुनी प्रावधानको व्यवस्था गरेको छ ।

नेपाल आयल निगम सञ्चालक समितिले पेट्रोलियम पदार्थ विक्रेता विनियमावली संशोधन गरी उक्त प्रावधान राखेको हो ।

पेट्रोलपम्पका कारण बुधबार देशभर इन्धन बिक्रीवितरण असहज भएपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारीको निर्देशनमा निगमले विनियमावलीमा जरिवाना र बिक्रीवितरण रोक्का गर्ने कानुनी प्रबन्ध गरेको हो ।

संशोधित विनियमावलीअनुसार पम्प बन्द गर्ने व्यवसायीलाई रु तीनदेखि १० लाख जरिवाना र पाँचदेखि १५ दिनसम्म पेट्रोल, डिजेल वितरण रोक्का हुने उद्योगमन्त्रीको स्वकीय



सचिवालयले जनाएको छ ।

विक्रेता विनियमावलीको दफा २ ९ घ (१) मा 'विक्रेताले नोजल सुक्खा (ड्राइ) गरी पेट्रोलियम पदार्थ नपाउने स्थिति सृजना गर्न नहुने' भन्ने वाक्य थप गरिएको छ ।

उक्त कसुरमा पहिलोपटकलाई रु तीन लाख जरिवाना र पाँच दिनसम्म इन्धन आपूर्ति रोक्का, दोस्रोपटकलाई रु छ लाख जरिवाना लिई १० दिन आपूर्ति बन्द तथा तेस्रोपटकमा रु १० लाख जरिवाना र १५ दिनलाई आपूर्ति बन्द गर्ने प्रावधान राखिएको छ ।

# मधेस प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित

द पब्लिक टुडे समाचारदाता

*काठमाडौँ, असार १८ गते ।*

मधेस प्रदेश सभा बैठकमा प्रतिपक्षी दलका सांसदहरुले अवरुद्ध गरेपछि अनिश्चितकालका लागि बैठक स्थगित भएको छ । बिहीबार पौने ३ बजे सुरु भएको सदनमा प्रतिपक्षी दलका सांसदहरुले बजेट संशोधनको माग राख्दै बैठक अवरुद्ध गरेपछि सभामुख रामअशिष यादवले बैठक अनिश्चितकालका लागि स्थगित गरेका हुन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेशसभा सदस्य उपेन्द्र महतोले यो सरकारले संघीयता समाप्त पार्ने रोडम्याप तयार गरिरहेको आरोप लगाए ।

उनले भने, '२०८३ असार १५ गते रौतहट पूर्वाधार विकास कार्यालयले ३० करोड ८ लाखको पाँचवटा योजनाको लागि टेण्डर आह्वान गरेको छ ।

असार १७ गते १ अर्ब ३५ करोड बराबरको १० वटा कार्यक्रमको टेण्डर गरेको छ, जुन रेडबुकमा कतै थिएन ।'

यो सरकारले प्रदेशको अर्थतन्त्रलाई समाप्त पार्ने षडयन्त्र गरिरहेको आरोप लगाउँदै उनले




भने, 'नेपाली कांग्रेसका सभापति गगन थापा भन्नुहुन्छ कांग्रेस दास र लासको पार्टी होइन तर तपाईहरु दास र लाश नै हुनुहुन्छ ।'

यस्तै, जनमत पार्टीका प्रदेशसभा सदस्य संजयकुमार यादवले छोटो योजना निरुत्साहित गर्ने योजना लिएकोमा टुक्रे योजनाले भरिएको योजना ल्याएकोले त्यसले यहाँको जनतामा रहेको वितृषणालाई फेरि जगाउने काम भएको भन्दै बजेटको पुर्नलेखन गर्नुपर्ने माग गरे ।

मधेस प्रदेश सरकारले आगामी आव २०८३/८४ का लागि रु ४१ अर्ब १३ करोड ८६ लाख बजेट विनियोजन गरेको छ ।

मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आव २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गरेको थियो ।

# आँपको सुगन्धले चिनिएको श्रीपुर गाउँ

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, असार १८ गते ।*

गर्मीयाम सुरु हुनासाथ सप्तरीको सुरुङ्गा नगरपालिका-६ स्थित श्रीपुर गाउँको हावा नै आँपको सुगन्धले भरिन थाल्छ । हरियालीले ढाकिएका बगैँचामा लटरम्म झुन्डिएका पहेँलपुर आँप, बोटमुनि व्यस्त किसान र गाउँमै आइपुग्ने व्यापारीको भीडले श्रीपुरको दैनिकी फेरिदै गएको छ । यही दृश्यले अहिले श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा छुट्टै पहिचान दिलाइरहेको छ ।

पूर्व-पश्चिम राजमार्ग हुँदै सिरहाको लहानबाट करिब आठ किलोमिटर पूर्व र त्यहाँबाट चुरे क्षेत्रतर्फ करिब एक किलोमिटर उत्तर लागेपछि पुगिने यो गाउँमा आँप केवल फल मात्र होइन, यहाँका वासिन्दाहरुको जीवनको आधार हो । यहाँका अधिकांश परिवारको आयआर्जन, शिक्षा, रोजगारी र आर्थिक गतिविधिको केन्द्रबिन्दु नै आँप खेती बनेको छ ।



गाउँका प्रायः हरेक घरसँग जोडिएका साना-ठूला बगैँचामा माल्दह, दशहरी, लङ्गडा, चौँसा, बम्बई र अम्रपालीलगायतका जातका आँप फल्छन् । यस गाउँका अधिकांश किसानले दशकौँदेखि आँप खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् ।

साना-ठूला बगैँचासहित धेरै किसानले व्यावसायिक रूपमा सयौँ बोट आँप लगाएका छन् । यहाँ माल्दह, दशहरी, लङ्गडा, बम्बई, चौँसा, अम्रपालीलगायतका जातका आँप उत्पादन हुन्छन् । अनुकूल हावापानी, उर्वर माटो र किसानको अनुभवका कारण यहाँको आँप स्वाद, मिठास र गुणस्तरका हिसाबले बजारमा लोकप्रिय मानिन्छ ।

गर्मी सुरु भएसँगै श्रीपुरका बगैँचामा व्यापारीको चहलपहल बढ्ने गर्छ । व्यापारी गाउँमै पुगेर बोटबाटै आँप खरिद गर्छन् र त्यसपछि उत्पादन जनकपुरधाम, राजविराज, विराटनगर, काठमाडौँलगायतका बजारमा पुग्ने गरेको छ । उत्पादन राम्रो भएका वर्षमा यहाँको आँप भारतीय सीमावर्ती बजारसम्म पनि निर्यात हुने गरेको स्थानीय किसान दिनेश चौधरी बताउँछन् ।

उनका अनुसार आँप खेतीले गाउँमा नगद आम्दानी भित्र्याउनुका साथै सयौँ स्थानीयलाई मौसमी रोजगारी उपलब्ध गराएको छ । आँप टिप्ने, वर्गीकरण गर्ने, प्याकिङ गर्ने र बजारसम्म पुर्‍याउने काममा परिवारका सदस्यदेखि स्थानीय युवासम्मको सक्रिय सहभागिता रहने गरेको छ ।

स्थानीय किसान जगदीश चौधरीका अनुसार आँप खेतीले गाउँको सामाजिक सम्बन्धलाई पनि बलियो बनाएको छ ।

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री